# बरेङ गाउँपालिका

## स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६९, मिति २९ साउन २०८२

भाग २

### बरेङ गाउँपालिका

# **महामारी पूर्वतयारी तथा VPD Surveillance कार्यक्रम सञ्चालन मापदण्ड, २०८२**

**१. उद्देश्यः** (क) गाउँपालिका भित्रका वस्तीहरुमा खोपबाट रोक्न सकिने(VPD Vaccine Preventable Dieseses) रोगका लक्षण भएका मानिसहरु भए नभएको एकिन गर्ने, लक्षण भएका मानिसहरु भेटिएमा नमूना संकलन गर्ने र अनुसन्धान गर्ने काममा खटिने स्वास्थ्य कर्मचारीहरुको यातायात तथा भ्रमण खर्चको व्यवस्था गर्ने।(ख) गाउँपालिकामा फलिन सक्ने महामारी पूर्वतयारीको लागि सचेतना अभियान सञ्चालन गर्ने। (ग) महामारीजन्य अवस्था व्यवस्थापनको लागि स्वास्थ्य सामाग्री खरिद गर्ने ।

**२. कानुनी आधारः-** बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई लागु गरिएको ।

**३. कोषको व्यवस्थाः** गाउँपालिका वा अन्य कुनै स्रोतबाट प्राप्त रकम यस कोषमा जम्मा गरिनेछ ।वा कुनै सँघ संस्थाहरुले सोझै सामाग्रीहरु समेत उपलब्ध गराउन सक्नेछन।सो सामाग्रीहरुको अभिलेख सम्बन्धित जिम्मेवारी प्राप्त कर्मचारीले राख्नेछ ।

**४. प्रयोजनः** गाउँपालिका भित्र वसोवास गर्ने मानिसहरुलाई खोपजन्य रोगबाट बचाउने, महामारीजन्य अवस्थाको व्यवस्थापन तथा पूर्वतयारी गर्ने ।

**५. कोषको प्रयोगः- क)** गाउँपालिकाको कुनैपनि क्षेत्रमा दादुरा, पोलियो, नवशिशु धनुष्टंकार, ठेउला, हैजा, जापानिज ईन्सेफलाईटिस जस्ता खोपद्वारा बचाउन सकिने रोगको लक्षण देखिएमा तत्काल नमूना संकलन गरी सम्बन्धित निकायमा परीक्षणको लागि पठाउने कार्यको लागि खर्च व्यवस्थापन गर्ने । **ख)** डेंगु, कोभिड-१९, हैजा, स्क्रब टाईफस जस्ता महामारीजन्य रोगको व्यवस्थापनको लागि आवश्यक पर्ने किट, औषधी खरिद गर्नुका साथै स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गर्ने । **ग)** बिपदजन्य अवस्थामा फैलिन सक्ने महामारी पुर्वतयारीको लागि जनशक्ति परिचालन तथा सामाग्री खरिद गर्ने ।

**६. जिम्मेवारीः क)** स्थानीय स्वास्थ्य संस्थाले खोपबाट रोकथाम गर्न सकिने रोग सँग सम्बन्धित लक्षण भएका मानिसहरु सम्पर्कमा आउना साथ स्वास्थ्य शाखालाई जानकारी गराउने र नमूना संकलन गरी यथाशक्य छिटो पठाउने । **ख**) कुनै महामारी फैलिएको शंका लागेमा निगरानी बढाउने । **ग)** बिपदजन्य अवस्थाको विश्लेषण गर्ने र निगरानी बढाउने । **घ**) स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गर्ने । **ङ**) स्वास्थ्य शाखाले नमूना प्राप्त भएपछि सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । **च**) स्वास्थ्य प्रवर्धन अभियानमा सहभागी हुने। सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने। आवश्यकता अनुसारको किट तथा स्वास्थ्य सामाग्रीहरुको खरिद र वितरण गर्ने ।

**७. प्रतिवेदनः** स्वास्थ्य शाखाले यस सम्बन्धी अभिलेख तथा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**८. अनुगमनः** बरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको प्रभावकारीता सम्बन्धी अनुगमन गर्नेछ ।

आज्ञालेः-
खड्ग वि. क
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२।०४।२९